# सुनछहरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय पोबाङ रोल्पा
## ५ नं. प्रदेश नेपाल

## सिलवन्दी वोलपत्र आहवानको सुचना

(प्रथम पटक प्रकाशित २०७५/११/२३)

यस कार्यलयको चालु आ व ०७५/०७६ को प्रदेश सरकारबाट विनियोजित वजेट तथा यस गाउँपालिकाको वित्तिय समानीकरण वजेट अर्न्तगत संचालन गर्न तपशिलमा उल्लेखित आयोजनाको निर्माण कार्य ठेक्का प्रक्रियावाट गर्नुपर्ने भएकोले आयकरको स्थायी लेखा नं भएका मु .अ .क .मा दर्ता इच्छुक निर्माण व्यवसायीहरुवाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलवन्दी वोलपत्र आह्वानकालागि यो सुचना प्रकाशित गरिएको छ ।

१. इच्छुक वोलपत्रदाताहरुले पछि फिर्ता नहुने गरी रु ३०००।- (अक्षेरुपी तिन हजार रुपैया ) बुझाइ लिखित निवेदनको साथमा वोलपत्रदाताको अद्यावधिक इजाजत पत्र मु.अ.क का दर्ता भएको प्रमाण पत्र स्थानिय तहमा व्यवसाय दर्ता गरेको प्रमाण पत्र र आ.व २०७४/७५ सम्मको कर चुक्ता प्रमाण पत्रहरुको नोटरी पव्लिकबाट प्रमाणित प्रतिलिपिहरु पेश गरी यो सुचना प्रकाशित भएको मितिले ३० (तिस ) दिन भित्र (मिति २०७५/१२/२२ गते सम्म ) यस कार्यालयको राजश्व उप -शाखाबाट वोलपत्र फारम खरिद गरी ३१ औं दिनको १२.०० बजे भित्र यस कार्यालयमा दर्ता गराउनूपर्ने छ र सोही दिनको २.०० बजे स्थानिय सरकारी कार्यालयका प्रतिनिधि वोलपत्रदाता वा प्रतिनिधिहरुको रोहवरमा यस कार्यलयमा खोलिनेछ । वोलपत्र वा प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको खण्डमा सोको लगत्तै कार्यलय खोलिने दिन बोलपत्र दाखिला र खोल्ने कार्य गरिनेछ ।

२. यस कार्यलयको प्रमुखले सही गरेको र कार्यलयको छाप लागेको बोलपत्र खरिद गरी सोही फारममा आफ्नो दररेट लेखि बोलपत्रदाताले सही गरी बोलपत्र सिलवन्दी पेश गनुपर्नेछ । एक फर्मको नाममा खरिद गरिएको बोलपत्र फारम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

३. सिलवन्दीको वाहिर खाममा यस कार्यलयलाई सम्वोधन हुने गरी कामको नाम र ठेक्का नं स्पष्ट उल्लेख गरी निर्माण व्यवसायीको नाम र छाप लगाएको सिल संख्या स्पष्ट उल्लेख गर्नुपर्ने छ ।

४ यस कार्यलयबाट विक्रि नभएको, जमानत संग्लन भै नआएको, वाहिर खाममा र वोलपत्रको व्यहोरा फरक परेको, सिलवन्दी भई नआएको, वाहिर खाममा र वोलपत्रको व्यहोरा फरक सिलवन्दी भई नआएको, कुनै शर्त राखि वा कैफियत जनाई प्राप्त भएको, म्याद नाघि आएको र रित नपुगेको सिलवन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

५ .नगद धरौटीको बैंक भौचरमा निर्माण व्यवसायीको नाम ठेगाना लेख्नुपर्नेछ । सुचना प्रकाशित भएको मिति भन्दा अगाडिको बैंक भौचर वा बैंक ग्यारैन्टी वा ड्राफ्ट लाई मान्यता दिइने छैन ।

६. बोलपत्रकोसाथ यसै सुचनामा तोकिएको धरौटी बापतको रकम नेपाल बैंक लिमिटेड रोल्पा शाखामा यस कार्यलयको नाममा रहेको धरौटी खाता नं. ०७६०३०००००००४००००३ मा जम्मा गरेको सक्कल भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम दिनबाट गणना हुनेगरी कम्तिमा १२० दिन म्याद भएको मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकवाट जारी गरिएको विडवण्ड संल्गन गनुपर्नेछ ।

७. (संयुक्त उपक्रम - जे.वि ) मा काम गर्ने निर्माण व्यवसायीले सयुक्त लगानी सम्वन्धी सम्झौताको विवरणहरु खुलेको सक्कली कागजातहरु वा प्रमाणित प्रतिलिपिहरु पेश गर्नु पर्नेछ । संयुक्त उपक्रममा भाग लिने निर्माण (२) जना भन्दा बढि नहुने संयुक्त उपक्रमको सक्कल सम्झौता पत्र अनिर्वाय रुपमा दरभाउपत्रको साथ पेश गर्नुपर्नेछ ।

८. पेश भएको सिलवन्दी बोलपत्रको कवोल रकममा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ र बोलपत्रमा दररेट उल्लेख गर्दा मूल्य अभिबृद्धि कर बाहेकको रकम उल्लेख गर्नुपर्नेछ ।

९. पेश भएको सिलवन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने आंशिक रुपमा स्वीकृत गर्ने वा कुनैपनि कारण जनाइ वा नजनाइ सुचना रद्घ गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माण स्थल र कामको सम्वन्धमा राम्ररी बुझि बोलपत्र भरेको मानिनेछ ।

११. निर्माण कार्यहरु तोकिएको स्पेशिफिकेशन अनुसार गर्नुपर्नेछ ।

१२. स्वीकृत नभएका बोलपत्र दाताहरुको विडण्ड वा धरौटी रकम ठेक्का सम्झौता सम्पन्न भएपछि मात्र फुकुवा गरिनेछ ।

१३. यसमा उल्लेख भए बाहेकका अन्य कुराको हकमा बालपत्र सम्वन्धी कागजातमा उल्लेख भए अनुसार हुनेछ । र अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

१४.अन्य थप केही कुराहरु बुझ्नु परेमा यस गाउँपालिका कार्यलयको फोन नं. ९८५७८२५०९३ वा ईमेल ठेगाना sunchhaharimun@gmail.com वा www.sunchhaharimun.gov.np मा कार्यलय समय भित्र सम्पर्क गर्न सकिने छ।

| क्र.स | वोलपत्र नं | वोलपत्र विवरण | लागत स्टिमेत (मु.अ.कर वाहेक) | वोलपत्र वापत जमानत रकम रु | वोलपत्र दस्तुर रु | वोलपत्र दर्ता गर्ने अन्तिम मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | SRMO/ROLPA WORKS/NCB/2075/076-3 | वहुउदेश्यीय हल भवन निर्माण कार्य | ५२,१०,१७७.३४ | १,५०००० | ३००० | २०७५।१२।२२ | |
| २ | SRMO/ROLPA WORKS/NCB/2075/076-4 | गाउँपालिका जोडने रेलिङ निर्माण कार्य | ५२२०००।- | १५००० | १०००।- | | |
| ३ | SRMO/ROLPA WORKS/NCB/2075/076-5 | खेलकुद मैदान निर्माण | ३१३२०००।- | ९००००।- | ३०००। | | |

प्रमुख प्रशासकीय अधिकृत